नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

## युवा तथा साना व्यवसायी स्वरोजगार कोषको प्रभाव अध्ययन गर्ने कार्यको प्राविधिक तथा आर्थिक प्रस्तावको दरभाउपत्र फाराम

**कार्यक्रमको नामः** युवा तथा सान व्यवसायी स्वरोजगार कोषको प्रभाव अध्ययन गर्ने कार्यको प्राविधिक तथा आर्थिक प्रस्ताव

**गोरखापत्रमा प्रकाशित मिति :** २०७५/०६/१३ गते

**प्रस्ताव फाराम खरिद गर्ने अन्तिम मिति :**२०७५/०६ / २७ गतेको कार्यालय समयसम्म

**प्रस्ताव दाखिला गर्ने मिति :** २०७५/०६/२८ गते दिनको १२:०० वजेसम्म

**प्राविधिक प्रस्ताव खोल्ने मिति र स्थान:**२०७५/०६/२८ गते दिनको १:०० बजे

युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार ।

## विषय सूची


१. प्रस्ताव आव्हानको सूचना ........ 2

२. प्रस्ताव सम्बन्धी (कार्य क्षेत्रगत) शर्तहरु ........ 4

३. प्रस्ताव पेश गर्नेको निवेदन ढाँचा ........ 17

४. प्रस्तावदाताले प्रस्ताव फाराममा पेश गरेको कागजातहरुको सूची ........ 21

५. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २ (ङ) सँग सम्बन्धित घोषणा पत्र ........ 22

# १. प्रस्ताव आव्हानको सूचना

नेपाल सरकार

**युवा तथा खेलकुद मन्त्रालय**

सिंहदरबार, काठमाण्डौं ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको प्रभाव अध्ययन गर्ने कार्यको प्रस्ताव आह्वानको सूचना

सूचना प्रकाशित मिति २०७५/०६/१३

यस मन्त्रालयको लागि आ. व. २०७५/०७६ को वार्षिक कार्यक्रम अनुसार "युवा तथा साना व्यवसायी स्वरोजगार कोषको प्रभाव" अध्ययन गर्ने सम्वन्धमा तपसिल बमोजिमको प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै प्रचलित खरिद ऐन तथा नियमावली अनुसार प्रस्ताव दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. प्रस्तावदाताले पालना गर्नुपर्ने सर्तहरु कार्यक्षेत्रगत शर्त (TOR)मा उल्लेख गरिएको छ ।
२. प्रस्तावसाथ प्रस्ताव दाताले सम्बन्धित कामको इजाजत प्राप्त फर्म वा कम्पनी दर्ता, स्थायी लेखा नं दर्ता, मु.अ.क. दर्ता आदि प्रमाण पत्र तथा आ.ब. ०७४/७५ को कर चुक्ता प्रमाण पत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरू र खरिद कारोवारमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारर्वाहीमा आफ्नो स्वार्थ नबाझिने र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा गरेको सो घोषणा पत्र अनिवार्य पेश गर्नु पर्ने छ ।
३. प्रभाव अध्ययन अनुसन्धान सम्बन्धी प्राविधिक र आर्थिक प्रस्ताव प्राप्त गर्न बुँदा नं. २ मा उल्लेखित प्रमाणित कागजात सहित रु १०००/- दस्तुर बुझाई यस मन्त्रालयको भण्डार शाखाबाट मिति २०७५/०६/ २७ कार्यालय समय भित्र गर्न सकिनेछ ।
४. प्रस्ताव खरिदकर्ताले आफूले प्राप्त गरेको प्रस्ताव फाराम भरी मिति २०७५/०६/२८ गते दिनको १२:०० बजे सम्म युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाण्डौंमा दर्ता गरिसक्नुपर्ने छ र प्राप्त प्रस्ताव मध्ये प्राविधिक प्रस्ताव सोही दिन दिनको १:०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिने छ, तर प्रस्तावदाताको प्रतिनिधि अनुपस्थितिमा पनि यस मन्त्रालयले खोल्न सक्नेछ ।
५. प्रस्ताव फाराम बुझिलिने तथा पेश गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुल्ने दिनलाई प्रस्ताव प्राप्त गर्ने तथा पेश गर्ने अन्तिम दिन कायम गरिनेछ ।
६. प्रस्तावदाताले प्राविधिक र आर्थिक प्रस्ताव भिन्दाभिन्दै खाममा छुट्टैछुट्ट शिलबन्दी गर्नुपर्नेछ र ती दुवै शिलबन्दी खामलाई एउटै खाममा राखी पुन: शिलबन्दी र सहीछाप गरी प्रस्ताव पेश गर्नुपर्ने छ ।
७. रीत नपुगेको वा तोकिएको म्यादभित्र प्राप्त नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।
८. प्रस्ताव स्वीकार गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ ।
९. प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव मध्ये पहिले प्राविधिक प्रस्ताव खोली मूल्यांकन समितिबाट उक्त प्रस्तावको मूल्यांकन स्वीकृत मापदण्ड अनुसार गर्नेछ र प्राविधिक प्रस्तावमा उत्तीर्ण भएका

प्रस्तावबालाहरुको मात्र आर्थिक प्रस्ताव खोलिने छ र उपलब्ध आर्थिक प्रस्तावहरु "गुणस्तर र लागत विधि" अनुसार स्वीकृत गरिने छ ।

१०. प्रस्तावदाताले युवा तथा साना व्यवसायी स्वरोजगार कोष प्रभाव अध्ययनको प्राविधिक प्रस्तावको विवरणमा शैक्षिक योग्यता, तालिम वा अनुभव उल्लेख भएमा सोको पुष्टयाँई गर्ने प्रमाणित कागजात अनिवार्य पेश गर्नुपर्ने छ । प

११. यसमा उल्लेख नभएका अन्य विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

१२. यस सम्वन्धी विस्तृत जानकारीका लागि कार्यालय समयभित्र मन्त्रालयमा उपस्थित भई जानकारी लिन वा फोन नं. ०१-४२००५४५ तथा वेवसाइट www.moys.gov.np मा पनि हेर्न सकिने छ ।

# २. प्रस्ताव सम्बन्धी कार्य क्षेत्रगत शर्तहरु (TOR)

## १. पृष्ठभूमि

नेपाल सरकारले देशको समग्र विकासमा युवाको योगदानलाई महत्वपूर्ण रुपमा लिएको छ ।प्रत्येक वर्ष श्रम बजारमा आउने युवालाई रोजगारी उपलब्ध गराउनु सरकारको दायित्व अन्तर्गत पर्दछ । युवाको विकासका लागि शिक्षा, क्षमता विकास, सीप विकास, आर्थिक टेवा, नीतिगत रुपमा सहयोगी भूमिका खेल्नु सरकारको कर्तव्य हो। नेपाल सरकारले युवाको विकास र परिचालनको लागि राष्ट्रिय युवा नीति, २०६६ (संशोधन २०७२), युथ भिजन २०२५ र यसको कार्यान्वयन कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा छ ।

युवालाई रोजगारी उपलब्ध गराउनु अत्यावश्यक छ ।नेपालमा सरकारी एवं गैरसरकारी क्षेत्रबाट युवाहरुलाई रोजगारी उपलब्ध गराउदा पनि रोजगारीको अभावमा दैनिक हजार भन्दा बढी युवा वैदेशिक रोजगारीमा गइरहेको अवस्था विद्यमान छ । यस प्रकार वैदेशिक रोजगारीमा जाने अधिकांश युवा अदक्ष श्रमिक रहेका छन् ।

नेपाल सरकारले युवालाई रोजगार गराउने उद्देश्यले युवा तथा साना व्यवसायी स्वरोजगार कोष (संचालन) नियमावली, २०६५ स्वीकृत गरी मिति २०६५/११/१९ मा नेपाल राजपत्रमा प्रकाशन गरेको छ भने सो को पहिलो संशोधन २०६७/०२/२६ र दोस्रो संशोधन २०६९/०२/०१ मा गरी समसामयिक संशोधन परिमार्जन गरेको अवस्था छ ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोषले युवाहरुलाई स्थापना कालदेखि नै विभिन्न वित्तीय (बैंक, वित्तीय संस्था र सहकारी संस्था) मार्फत सहुलियतपूर्ण ऋण उपलब्ध गराउँदै आएको छ । कोषले प्रति व्यक्ति रु २,००,०००/-(दुई लाख) सम्म ऋण उपलब्ध गराउने, बिमा गर्ने, तोकिएको समयमा ऋण चुक्ता गर्ने व्यक्तिलाई व्याजको ६० प्रतिशत अनुदान दिने, ऋण पाउन योग्य व्यक्तिलाई सीप विकास तालिम/उद्यमशीलता तालिम दिने लगायतका कार्यहरु गर्दै आइरहेको छ । मनाङ र मुस्ताङ बाहेकका जिल्लाहरुमा कोषबाट ऋण रकम प्रवाह भइरहेको अवस्था विद्यमान छ । संस्थागत रुपमा जिल्ला प्रशासन कार्यालयले कोषको ऋण प्रवाह गर्ने कार्यको संयोजन गर्दै आइरहेको छ भने जिल्लागत रुपमा नियुक्त स्वयंसेवक कर्मचारीले समन्वयकारी भूमिका खेलिरहेको अवस्था छ ।जिल्लाहरुमा विशेष गरी सहकारी संस्थाहरु मार्फत सहुलियतपूर्ण ऋण रकम प्रवाह भइरहेको छ ।

वर्तमान अवस्थामा हेर्दा कोषको कार्य संचालन अवधि करिब १० वर्ष पुगेको छ । कोषले प्रवाह गर्दै आएका सेवाहरुको प्रभावकारिता कस्तो छ ? ऋण लगानी गर्न तोकिएको रकम उपयुक्त छ, छैन? ऋण असूली अवस्था के छ ? सेवाग्राही र सरोकारवालाहरुको धारणा कस्तो छ ? कोषको ऋण लगानी

नीतिमा परिमार्जन आवश्यक छ छैन ? के कस्ता नीति रणानीतिहरु आवश्यक छन ? भन्ने जस्ता विषयहरु कोषका मूल्यांकन गरी सम्बन्धित नीति रणनीति नियमावलीमा संशोधन/परिमार्जन गर्नु पर्ने देखिएको हुँदा यो अध्ययन/अनुसन्धान कार्य गर्नु पर्ने देखिएको छ ।

## २. उद्देश्य (Objectives)

अध्ययनका प्रमुख उद्देश्यहरु

- युवा तथा साना व्यवसायी कोषले वि.सं.२०६५ देखि हालसम्मको ऋण लगानी रकम र असूलीको अध्ययन विश्लेषण गर्नु,
- लक्षित वर्गमा गरिएको व्यवसायगत ऋण लगानी र असूलीको अवस्थाको अध्ययन गर्नु ,
- ऋण लगानीको प्रकृया (निर्णय/समय/कागजात/लागत/सहजपना )आदिको मूल्यांकन गर्नु,
- ऋण लगानी प्रकृयामा लागत लाभ विश्लेषण गर्नु,
- ऋण लगानीबाट ऋणीको आर्थिक, सामाजिक एवं क्षमता विकासमा आएको परिवर्तन/प्रभावको अध्ययन गर्नु,
- जिल्ला संयोजक तथा अनुगमन समितिबाट भएका कार्यहरुको प्रभावकारिताको अध्ययन गर्नु,
- ऋणीहरुको छनौट विधि, ऋणीको आर्थिक, सामाजिक सूचकको विश्लेषण गर्नु ,
- युवा तथा साना व्यवसायी स्वरोजगार कोषका कार्यहरुको अध्ययन विश्लेषण गरी नीति नियम र कार्यक्रमको समीक्षा गरी भविष्यमा गर्नु पर्ने नीतिगत र कार्यक्रमको लागि सिफारिस सहितको सुझाव मन्त्रालयमा पेश गर्नु,

## ३.अध्ययनका प्रमुख क्षेत्रहरु (Scope of study)

परामर्शदाता/ अध्ययन अनुसन्धानकर्ताले यस अध्ययनका लागि तय गरिएका उद्देश्य प्राप्तिका लागि निम्नलिखित कार्य गर्नुका साथै अन्य आवश्यक कार्य गरी अध्ययन कार्य गर्नु पर्नेछ ।

- युवा तथा साना व्यवसायी कोषको देहायका विषयमा अध्ययन विश्लेषण गरी अनुसन्धानकर्ताले सिफारिस गर्नुपर्नेछ ।

  क. नीति

  ख. कार्यक्रम

  ग. संगठनको स्वरुप र क्षमता/दक्षता
- अनुसन्धानकर्ताले विभिन्न सूचकको आधारमा हिमाल, पहाड र तराई क्षेत्रका जिल्ला पर्नेगरी ताप्लेजुङ, धनुषा, काभ्रेपलाञ्चोक, बाग्लुङ्ग, कपिलवस्तु, बर्दिया र कञ्चनपुर  जिल्लाहरुको युवा

तथा साना व्यवसायी स्वरोजगार कोषको प्रभावकारिता अध्ययन गर्नुपर्नेछ । विभिन्न सूचकको आधारमा उक्त जिल्लाहरु प्रारम्भिक प्रतिवेदन स्वीकृत हुँदाका बखत परिवर्तन गर्न सकिनेछ ।

- अनुसन्धानकर्ताले विगतमा भएका अध्ययन/अनुसन्धानका प्रतिवेदन समेतको आधारमा अध्ययन विश्लेषण गर्नु पर्नेछ ।लक्षित वर्गको उत्थानको लागि गरिएका यस्तै प्रकारका अन्य कार्यक्रमको तुलनात्मक अध्ययन गरी उपयुक्त विधि प्रक्रिया र संगठन संरचनाको सिफारिश गर्नुपर्नेछ ।

## ४. समन्वय संयन्त्र (Coordination Mechanism)

अनुसन्धान सम्बन्धी कार्यमा अनुसन्धानकर्ता/ परामर्शदातालाई आवश्यक निर्देशन/सहजीकरण गर्न एवं अनुसन्धान सम्बन्धी कार्यको निरीक्षण तथा सुपरिक्षवेण गर्न, अनुसन्धान कार्यको मस्यौदा प्रतिवेदन प्राप्त गरी आवश्यक सुधारका लागि निर्देशन गर्न र अन्तिम अनुसन्धान प्रतिवेदन स्वीकृतार्थ सिफारिस समेतको कार्य गर्न मन्त्रालयमा देहाय बमोजिमका एक निर्देशक समिति रहनेछ ।

### निर्देशक समिति

१. संयोजक- सचिव, युवा तथा खेलकुद मन्त्रालय
२. सदस्य- सहसचिव, युवा विकास महाशाखा
३. सदस्य- प्रतिनिधि, उपसचिवस्तर राष्ट्रिय योजना आयोग
४. सदस्य- प्रतिनिधि, उपसचिवस्तर महालेखा नियन्त्रक कार्यालय
५. सदस्य- उपसचिव (कानून) युवा तथा खेलकुद मन्त्रालय
६. सदस्य - शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, युवा तथा खेलकुद मन्त्रालय
७. सदस्य- कार्यकारी प्रमुख, युवा तथा साना व्यवसायी स्वरोजगार कोष
८. सदस्य सचिव- शाखा प्रमुख, युवा उद्यशीलता तथा लगानी प्रवर्द्धन शाखा

निर्देशक समितिले निम्नानुसारका कार्यहरु गर्नेछः

- अनुसन्धान कार्यमा सहजीकरण गर्ने, अनुगमन गर्ने, आवश्यक निर्देशन दिने ।
- अनुसन्धानकर्ताको अध्ययन कार्ययोजना सुझाव सहित स्वीकृत गर्नेछ ।
- अनुसन्धान कार्यमा खटिने सम्पूर्ण पदाधकारीहरुलाई आवश्यक समन्वय कार्य गर्नेछ ।
- अनुसन्धान कार्यको प्रयोजनका लागि सरोकारवालाहरुसँग समूह छलफल (FGD ) र प्रश्नावली सुझावसहित स्वीकृत गर्नेछ ।
- सम्भव भएसम्म स्थलगतरुपमा सरोकारवालाहरुको छलफल कार्यक्रमको अनुगमन निरीक्षण गर्नेछ ।
- अनुसन्धानकर्ताबाट प्राप्त प्रतिवेदनमाथि छलफल गरी सुझावसहित स्वीकृत गर्नेछ ।
- सरोकारवालाहरुको लागि आमन्त्रण गरिएका बैठकमा अध्यक्षता गर्नेछ ।

## ५. अध्ययन विधि (Methodology)

- अध्ययनकर्ताले युवा तथा साना व्यवसायी स्वरोजकार कोषको बारेमा स्थापना कालदेखि हालसम्मको प्राथमिक तथ्याङ्क अध्ययन/ विश्लेषण गर्नुपर्नेछ ।
- अध्ययनकर्ताले सेवा प्रवाहमा संलग्न मुख्य मुख्य सरोकारवाला निकाय/व्यक्ति, पदाधिकारीहरुसंग प्रश्नोत्तर, छलफल/अन्तरक्रिया गर्नुपर्नेछ ।
- अध्ययनकर्ताले युवा तथा साना व्यवसायी स्वरोजगार कोषको ऋण प्रवाह गर्ने बैंक, वित्तीय संस्था, सहकारी संस्थाका सरोकारवाला पदाधिकारीहरुसंग प्रश्नोत्तर, छलफल र अन्तरक्रिया गर्नेछ
- अध्ययनकर्ताले ऋण प्राप्त गर्ने सेवाग्राहीसंग स्थलगत अवलोकन छलफल र अन्तरक्रिया गरी ऋण रकमको प्रभावकारिता अध्ययन विश्लेषण गर्नेछ ।
- अध्ययनकर्ताले आवश्यकता अनुसार प्रश्नावली, अवलोकन फाराम, सरोकारवालासंग छलफल, अन्तर्वार्ता आदिबाट अध्ययन विश्लेषण गर्नेछ ।
- अध्ययनकर्ताले अध्ययन कार्य गर्दा देहायका विषयहरुमा मुख्य रुपमा ध्यान पुऱ्याई अध्ययन गर्नु पर्नेछ ।

**क. <u>अध्ययनकार्यको सान्दर्भिकता (Relevance)</u>**

- कोषको उद्देश्य, कार्यक्रमहरु, नीतिगत व्यवस्था, संगठनात्मक संरचनाको परिवर्तित अवस्थामा कतिको सान्दर्भिक छ ?

**ख. <u>अध्ययनकार्यको प्रभावकारिता (Effectiveness)</u>**

- कोष स्थापना गर्दाका उद्देश्यहरु प्राप्ति भए, नभएको वा आंशिक रुपमा पुरा भएको ।
- उद्देश्य प्राप्तीमा असर पार्ने विभिन्न पक्षहरुको विश्लेषण ।

**ग. <u>दक्षता/कुशलता (Efficience)</u>**

- यस्तै प्रकारका अन्य संस्थासंग लाभलागत, समयको benchmarking गरी कार्यक्रमको दोहोरोपना देखिएको, नदेखिएको मूल्याङ्कन विश्लेषण ।

**घ. <u>प्रभावकारिता (Impact)</u>**

- कोषको कार्यक्रमबाट परेको सकारात्मक वा नकारात्मक के कस्तो छ यसलाई प्रभाव पार्ने तत्वहरु के के हुन ?
- कोषको कार्यक्रमबाट स्थानीय रुपमा सामाजिक, आर्थिक वातारणीय पक्षमा पारेको प्रभाव के के छन् ?
- कोषका मुख्य मुख्य उपलब्धी के के हुन् ?
- लाभग्राहीहरुका निम्ती भएको मुख्य परिवर्तन कार्यक्रम अवधि पछि के कस्ता रहे ?

- अहिले सम्म कतिजना व्यक्ति/समूह/ संस्था लाभान्वित हुन सके ?

ङ. **दीगोपन (sustainability)**

- कोषले ऋण लगानी कार्य नगर्ने स्थिति आएमा स्वरोजगार भएका व्यक्तिहरुले आफ्नो कार्यक्रम दीगो रुपमा जारी राख्न सक्ने वा नसक्ने अवस्था ?

-यस कार्यक्रमको दीगो रुपमा संचालनको लागि आवश्यक संस्थागत, नीतिगत एवं प्रक्रियागत सुधारका विषयहरु ?

## ६. अनुसन्धान समूह सदस्यहरुको योग्यता तथा अनुभव (Qualitification and Experience of the research team member)

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको प्रभाव अध्ययन कार्य गर्नका लागि निम्नलिखित योग्यता/अनुभव भएको अनुसन्धान समूह हुनुपर्नेछ ।

| क.सं. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १ | अनुसन्धान समूह प्रमुख | १ | विद्यावारिधी वा स्नातकोत्तर उपाधी हासिल गरी बैंक तथा वित्तीय क्षेत्रको उच्च व्यवस्थापन तहमा कम्तिमा ५ वर्ष काम गरेको वा यस क्षेत्र सम्बन्धी अध्ययन, अनुसन्धान, अध्यापन सम्बन्धी कार्यमा कम्तिमा ५ वर्षको अनुभव प्राप्त गरेको । |
| २ | अनुसन्धान विशेषज्ञ | १ | चार्टर्ड एकाउन्टेन्ट उपाधी हासिल गरी कुनै बैंक तथा वित्तीय क्षेत्रको उच्च व्यवस्थापनमा कम्तिमा ५ वर्ष काम गरेको वा यस क्षेत्रमा अध्ययन, अनुसन्धान वा अध्यापन सम्बन्धी कार्यमा ५ वर्षको अनुभव प्राप्त गरेको । |
| ३ | अनुसन्धान सहायक | ३ | स्नातक तह उत्तीर्ण गरी अनुसन्धानको क्षेत्रमा १ वर्षको अनुभव प्राप्त गरेको । |

द्रष्टव्यः- शैक्षिक योग्यता र अनुभवको पुष्टयाई गर्ने कागजात पेश भएको अवस्थामा मात्र अंक प्रदान गरिनेछ ।

## ७. अनुसन्धान अवधि

अनुसन्धान अवधि सम्झौता भएको मितिले ६(छ) महिनाको हुनेछ ।

## ८. प्राविधिक प्रस्ताव

### प्राविधिक प्रस्ताव सम्बन्धी विवरण

८.१ प्रस्ताव माग गर्ने निकायको नाम र ठेगानाः- युवा तथा खेलकुद मन्त्रालय सिंहदरबार, काठमाडौं ।

८.२ परामर्श सेवा खरिदसम्बन्धी विवरणः-

क. <u>खरीद गर्नु पर्ने सेवाको प्रकृतिः-</u> यस परामर्श सेवा सम्बन्धी कार्य अन्तर्गत **युवा तथा साना व्यवसायी स्वरोजगार कोषको प्रभाव अध्ययन** कार्यको लागि संलग्न कार्य क्षेत्रगत शर्तमा उल्लेख भए अनुसार गर्नु पर्ने छ ।

ख. <u>सेवा प्रदान गर्नु पर्ने अवधिः</u> बढीमा ६ (छ) महिना भित्रमा ।

ग. <u>स्थानः</u> युवा तथा खेलकुद मन्त्रालय सिंहदरबार, काठमाडौं ।

घ. <u>सम्पन्न गर्नुपर्ने कार्य र अपेक्षित परिणामः-</u> नेपाल सरकारको विद्यमान नीति, राष्ट्रिय योजना, राष्ट्रिय युवा नीति , वार्षिक नीति तथा कार्यक्रम, युवा तथा साना व्यवसायी स्वारोजगार कोषको नीति, नियम, नियमावली, कार्यक्षेत्रगत शर्त एवं मन्त्रालयले यस सम्बन्धमा दिएका निर्देशन अनुरुप आवश्यक अध्ययन, अनुसन्धान गरी राष्ट्रिय, अन्तर्राष्ट्रिय अनुभव एवं प्रचलनको आधारमा प्रस्तावित **युवा तथा साना व्यवसायी स्वरोजगार कोषको प्रभाव अध्ययन** गर्नुपर्नेछ। अध्ययनबाट प्राप्त तथ्यका आधारमा मन्त्रालयबाट गर्नुपर्ने कार्यहरुको सुझाव सहितको प्रतिवेदन सरल, स्पष्ट र कार्यान्वयन सहज हुने गरी गुणस्तरयुक्त एवं प्रभावकारी रुपमा तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

८.३ प्रस्तावदाताहरुलाई निर्देशनः प्रस्तावित युवा तथा साना व्यवसायी स्वरोजगार कोष मार्फत भएको ऋण लगानीको प्रभाव अध्ययन गर्दा निम्न कुराहरु स्पष्ट रुपमा खुलाई पेश गर्नुपर्नेछः-

क) संस्थाले गरेको अध्ययन/अनुसन्धान सम्बन्धी अनुभवः

| क्र.स | अध्ययन वा अनुसन्धानको विवरण | | अध्ययन वा अनुसन्धान अवधि | अध्ययन वा अनुसन्धान रकम | अध्ययन वा अनुसन्धानको अनुभवसंग सम्बन्धित कागजातको प्रतिलिपि |
|---|---|---|---|---|---|
| | अध्ययन वा अनुसन्धान गरेको संस्थाको नाम | अध्ययन वा अनुसन्धान गरेको विषय | | | |
| | | | | | |
| | | | | | |

ख) प्रस्तावित मुख्य जनशक्तिको वैयक्तिक विवरणः

| नाम थर | योग्यता | अध्ययन वा अनुसन्धान सम्बन्धी अनुभव र शैक्षिक योग्यताको प्रतिलिपिहरु | निजले काम गर्न सहमति प्रदान गरेको छु भनी गरेको दस्तखत |
|---|---|---|---|
| | | | |

ग) प्रस्तावमा स्पष्ट रुपमा खुलाउनु पर्ने विषयहरुः

- कार्य सम्पादन गर्ने तरिका/कार्यविधि एवं प्रस्तावित अध्ययन methodology सम्बन्धी ।
- अध्ययन अनुसन्धान रणनीति ।

- मानव साधन परिचालन रणनीति ।
- अन्तरक्रियाको तरिका ।
- ज्ञान तथा सीप हस्तान्तरणको प्रस्तावित ढाँचा ।
- प्रस्तावको आह्वानको लागि प्रकाशित सूचनामा उल्लेखित कुराहरु ।
- TOR मा उल्लेखित विषयहरु ।
- समय समेत उल्लेख भएको कार्य तालिका र सो अनुरुपको प्रगति विवरण ।
- प्रस्ताव मूल्यांकन गर्ने आधार बुँदा नं.१.६ सँग सम्बन्धित सबै कुराहरु ।

घ) ज्ञान र प्रविधि हस्तान्तरण गर्ने विधि र तरिकाः

प्रस्तावित कार्यको सम्बन्धमा तालिम, गोष्ठी, सेमिनार, वर्कसप, अन्तर्क्रिया वा अन्य के कसरी र कति दिनभित्र ज्ञान र प्रविधि हस्तान्तरण गरिने हो सो विषयमा स्पष्ट खुलाई पेश गर्नुपर्नेछ ।

८.४ प्रस्तावदाताले प्रस्ताव पेश गर्ने प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा राखी शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

८.५ प्रस्ताव र आर्थिक प्रस्ताव मूल्याङ्कनको भार निम्नानुसार हुनेछः

क) प्राविधिक प्रस्तावः ८० अंक

ख) आर्थिक प्रस्तावः २० अंक

८.६ प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्ने आधार र अंक भारः

क) परामर्शदाता (संस्था/फर्म) को अध्ययन, अनुसन्धान/परामर्शसम्बन्धी विषयसँग सम्बन्धित खास कामको अनुभव २० प्रतिशत ।(सबै अनुभवको पुष्टयाई गर्ने कागज अनिवार्य रुपमा पेश गर्नु पर्ने )

ख) मुख्य मुख्य जनशक्तिको योग्यता र अनुभव ३० प्रतिशत (शैक्षिक योग्यता र अनुभवको पुष्टयाई गर्ने कागज अनिवार्य रुपमा पेश गर्नु पर्ने)

- मुख्य अनुसन्धानकर्ताको शैक्षिक योग्यता ।
- मुख्य अनुसन्धानकर्ताको कार्य अनुभव ।

ग) कार्य सम्पादन गर्ने तरिका र कार्य क्षेत्रगत शर्त प्रतिको प्रभावग्राहीता ४० प्रतिशत

-अध्ययन/अनुसन्धानको अवधारणागत कार्यढाँचा र प्रस्तावित कार्यतालिका ।

-कार्य सम्पादन गर्ने तरिका/कार्यविधि एवं प्रस्तावित अध्ययन Methodology

-कार्य निर्देश शर्तहरु प्रतिको अवधारणा

घ) ज्ञान तथा प्रविधि हस्तान्तरण गर्ने व्यवस्था १० प्रतिशत

-कर्मचारीलाई तालिम/ कार्यशाला/अन्तरक्रिया/ सेमिनार गोष्ठी आदि ।

- प्राविधिक प्रस्तावमा न्यूनतम ६० प्रतिशत अंक प्राप्त गरेको परामर्शदाताको मात्रै आर्थिक प्रस्ताव खोलिनेछ ।

८.७ परामर्श सेवा खरिद सम्झौताको शर्तहरुः- संलग्न कार्यक्षेत्रगत शर्तहरुमा उल्लेख भए अनुसार हुनेछ ।

८.८ प्रस्ताव पेश गर्नुपर्ने स्थान मिति र समयः-

क) स्थानः युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार काठमाडौ ।

ख) मितिः सूचनामा उल्लेख गरिएको मिति भित्र ।

ग) समयः सूचनामा उल्लेख गरिएको कार्यालय समय भित्र ।

८.९ प्रस्ताव छनौट गर्ने विधिः- गुणस्तर र लागत विधिको आधारमा प्रस्तावको छनौट गरिनेछ।

८.१०स्वार्थ बाझिने प्रस्ताव उपर कारवाही गरिनेछैन । प्रचलित ऐन नियम विपरित गरेमा नियमानुसार कारवाही गरिनेछ ।

८.११ सार्वजनिक निकायले प्रस्तावसम्बन्धी कारवाही गर्दा गरेको त्रुटी वा निर्णय विरुद्ध पुनरावलोकनको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम निवेदन दिन सकिनेछ।

८.१२ तोकिएको अवधिभित्र प्राप्त हुन आएका प्रस्तावदाताहरुको रोहवरमा प्रस्ताव पेश गर्ने अन्तिम मितिको दिनको ठीक १:०० बजे यस मन्त्रालयमा खोलिनेछ ।सो दिन सार्वजनिक विदा भएमा कार्यालय खुलेको दिनको ठीक १:०० बजे खोलिनेछ । प्रस्तावदाताहरु उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्नेछैन ।

८.१३ प्राविधिक प्रस्ताव सर्वप्रथम खोलिनेछ । प्राविधिक प्रस्तावको मूल्यांकनबाट कम्तिमा ६० प्रतिशत अंक प्राप्त गर्ने प्रस्तावदाताहरुको मात्र आर्थिक प्रस्ताव खोलिनेछ । आर्थिक र प्राविधिक प्रस्तावमा सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रस्तावदाताहरुको प्रस्ताव कामको लागि अन्तिम छनौट गरिनेछ ।

८.१४ अन्तिम छनौट हुने फर्म/कम्पनी/संस्थाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८१(७) को शर्त पालना गर्नुपर्नेछ ।

## ९. आर्थिक प्रस्तावः

आर्थिक प्रस्ताव छुट्टै खामबन्दी गरी पेश गर्नुपर्नेछ।

९.१ कामको विवरणः- युवा तथा साना व्यवसायी स्वरोजगार कोषको प्रभावकारिता अध्ययन

९.२ प्रस्तावित खर्चको विवरणः

| क्र.सं. | विवरण | एकाइ | समय/दिन | दर | रकम रु |
|---|---|---|---|---|---|
| **१ जनशक्ति** | | | | | |
| १.१ | टोली नेता | | | | |
| १.२ | अनुसन्धान विशेषज्ञ | | | | |
| १.३ | अनुसन्धान सहायक | | | | |
| **२ भ्रमण खर्च** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २.१ | टोली नेता | | | | |
| २.२ | अनुसन्धान विशेषज्ञ | | | | |
| २.३ | अनुसन्धान सहायक | | | | |
| **३ तथ्याङ्क संकलन एवं विश्लेषण** | | | | | |
| ३.१ | सरोकारवाला(FGD) सँग अन्तरक्रिया | | | | |
| **४ स्टेशनरी/विविध** | | | | | |
| ४.१ | स्टेशनरी | | | | |
| ४.२ | संचार | | | | |
| ४.३ | विविध | | | | |
| जम्मा | | | | | |
| मु.अ.कर १३ प्रतिशत | | | | | |
| कूल जम्मा | | | | | |

प्रस्तावदाताको दस्तखतः

प्रस्ताव पेश गर्ने संस्था/फर्मको नामः

प्रस्ताव पेश गर्ने संस्था /फर्मको ठेगानाः संस्था/फर्मको छाप

मितिः

**१०. अनुसन्धान प्रतिवेदन**

- मन्त्रालयद्वारा यस अनुसन्धान कार्यका लागि नियुक्त परामर्शदाताले यो कार्यगत शर्त (TOR) तथा कार्य क्षेत्रहरुको अधिनमा रही तोकिएको समयावधि भित्र अनुसन्धान कार्य सम्पन्न गर्नु निजको कर्तव्य हुनेछ ।
- अध्ययनकर्ताले अध्ययन प्रस्तावनाका साथै सम्झौता पछि अध्ययन स्थलमा अध्ययन गर्न जानु अघि प्रारम्भिक प्रतिवेदन (अनुसन्धान समूहको अनुसन्धान सम्बन्धी कार्यको विवरण, मिति, अनुसन्धान अवधि र स्थान खुलेको ) मन्त्रालयमा पेश गर्नु पर्नेछ ।पेश भएको योजना/ प्रस्ताव उपर मन्त्रालयले आवश्यक हेरफेर गर्न निर्देशन दिन सक्नेछ । मन्त्रालयबाट प्रारम्भिक प्रतिवेदन अनुमोदन भएको जानकारी पश्चात परामर्शदाताले कार्य प्रक्रिया अगाडि बढाउनु पर्नेछ । अनुसन्धान कार्यको मन्त्रालयले अनुगमन गर्ने व्यवस्था मिलाउनेछ ।

- अनुसन्धानकर्ताले सम्झौता गरेको ६(छ) महिना भित्रमा  अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेछ । यसरी अन्तिम प्रतिवेदन पेश गर्नु अगाडि मन्त्रालयमा गठित निर्देशक समिति (steering Committe) बाट अध्ययनको मस्यौदा प्रतिवेदन उपर प्राप्त सुझावहरुलाई समावेश गरी प्रतिवेदन तयार  गर्नुपर्नेछ ।
- अन्तिम प्रतिवेदन नेपाली भाषामा तयार गरी मन्त्रालयमा पेश गर्ने कर्तव्य अनुसन्धानकर्ताको हुनेछ ।

**११. अपेक्षित उपलब्धीहरु (Expected Outcomes)**

- युवा तथा साना व्यवसायी स्वरोजगार कोषले लगानी गरेको कर्जा र व्यवसायको अवस्था अध्ययन विश्लेषण भई यस कार्यलाई थप प्रभावकारी ढंगले अगाडि बढाउन सहयोग पुग्नेछ ।
- युवा तथा साना व्यवसायी स्वरोजगार कोषको ऋण रकम युवाका लागि प्रभावकारिता अभिवृद्धि गर्न  अपनाउनु पर्ने भाबी नीति रणनीतिक योजना एवं कार्यक्रमको विकास गर्न मार्गदर्शन  हुनेछ ।
- चरणगत कार्यहरुको प्रतिवेदनबाट प्राप्त हुने अपेक्षित उपलब्धीः-

| सि.नं. | मुख्य मुख्य कार्य | मुख्य उपलब्धि |
|---|---|---|
| १ | प्रारम्भिक तयारी कार्य | -अनुसन्धान कार्ययोजना<br>-अनुसन्धान गर्ने जनशक्ति व्यवस्थापन<br>-आवश्यक स्रोत साधनको व्यवस्थापन |
| २ | अन्तरिम प्रतिवदेन तयारी | -प्रारम्भिक नतिजा<br>-वर्तमान प्रणाली बीच रिक्तता (gap)विश्लेषण<br>-अनुसन्धान कार्यबाट प्राप्त सिफारिस, सुझाव, तथ्याङ्कसहित नीतिगत सुझाव |
| ३ | अन्तिम प्रतिवेदन | -संगठनको ढाँचा, पद्धति,प्रक्रिया, नीतिको नमूना सिफारिस गर्नु<br>-सफल योजना कार्यक्रमको नमूना सिफारिस गर्नु<br>-यथार्थ तथ्य र तथ्याङ्कमा आधारित सुझाव सहितको अन्तिम प्रतिवेदन प्राप्त हुने |

**१२. प्रतिवेदनका लागि अनुसन्धानकर्तालाई उपलब्ध गराउनु पर्ने सूचना, भौतिक सुविधा, उपकरणको विवरण**

- मन्त्रालयले अनुसन्धानकर्तालाई अनुसन्धान गर्ने विषयसंग सम्बन्धित नीति, योजना एवं अन्य सूचना उपलब्ध गराउनेछ ।अनुसन्धान सम्बन्धी छलफल मन्त्रालयमा नै बसी गर्नु पर्ने भएमा कोठा र आवश्यक फर्निचरमात्र उपलब्ध गराउन सक्नेछ ।अनुसन्धानका लागि कम्प्युटर लगायतका प्राविधिक उपकरण तथा सामग्रीहरु अन्य आवश्यक सम्पूर्ण कुराहरु अनुसन्धानकर्ता स्वयंले व्यवस्थापन गर्नु पर्नेछ ।

**१३. अनुसन्धानकर्ताको अनुसन्धान पछिको दायित्व**

अनुसन्धान सम्बन्धी अन्तिम प्रतिवेदन मन्त्रालयमा पेश गरी स्वीकृत भएको मितिले एक वर्षसम्म उक्त अनुसन्धान कार्यसंग सम्बन्धित कुनै परामर्श सेवा आवश्यक भएमा सो सेवा समेत प्रदान गर्नु पर्नेछ ।

## १४. सम्पर्क व्यक्ति

युवा तथा खेलकुद मन्त्रालय, युवा उद्यमशीलता तथा लगानी प्रवर्द्धन शाखाका उपसचिव यस अनुसन्धान कार्यका लागि परामर्शदाताको सम्पर्क व्यक्ति हुनेछन् ।

## १५. रकम भुक्तानी

- परामर्शदाताले शिलबन्दी दरभाउपत्र पेश गर्दा राख्नु पर्ने जमानत सम्झौता भएपछि प्राप्त गर्ने पेश्कीका लागि वैंक ग्यारेन्टी/जमानत सम्बन्धी व्यवस्था प्रचलित आर्थिक ऐन नियम र सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ।
- युवा तथा साना व्यवसायी स्वरोजगार कोषको लगानी प्रभाव अध्ययन कार्य पूर्ण नभएमा, गुणस्तरीयता कायम नभएको निर्देशक समितिलाई लागेमा अनुसन्धानकर्ताको कार्ययोजनामा तोकिएको अवधि र स्थानमा नगइ प्रतिवेदन तयार गरेको पाइएमा कुनै रकम भुक्तानी हुने छैन ।
- निर्देशक समितिले अध्ययन प्रतिवेदन गुणस्तर नभएको ठहराएमा वा सो प्रतिवेदन स्वीकार नगरेको खण्डमा मन्त्रालयले भुक्तानी गर्नेछैन ।

<u>आर्थिक र प्राविधिक प्रस्ताव पेश गर्ने तरिकाः-</u>

(१) माथिको नमूना बमोजिमको विवरणहरू बनाई प्रत्येक खाममा प्रस्तावको विषय र संस्थाको नाम समेत उल्लेख गरी आर्थिक र प्राविधिक प्रस्ताव भिन्दाभिन्दै खाममा छुट्टाछुट्टै सिलबन्दी र सही छाप गरी सो खामहरूलाई एउटै खाममा राखी पुनः सिलबन्दी र सहि छाप गरी पेश गर्नुपर्नेछ ।

(२) प्रस्तावको साथमा संस्था दर्ता/नवीकरण गरेको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर(VAT) दर्ता प्रमाणपत्र, आ.व. ०७४/७५ सम्मको कर चुक्ता प्रमाणपत्र, लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।

(३) सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कारोबारमा अयोग्य नभएको तथा कालो सूचिमा नपरेको भनी आधिकारिक रुपले लिखित घोषणा गरेको स्वयम् घोषणा पत्र ।

(४) (क) प्रस्तावदाताले सम्झौता गरेको १५ दिनभित्र प्रारम्भिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(ख) प्रस्तावदाताले अध्ययन पश्चात मस्यौदा प्रतिवेदन मन्त्रालयको निर्देशक समिति समक्ष पेश गर्नुपर्नेछ ।

उक्त मस्यौदा प्रतिवेदन उपर छलफल गरी निर्देशक समितिले अनुसन्धानकर्तालाई आवश्यक सुझाव प्रदान गरिनेछ । प्राप्त सुझावहरू समेत समावेश गरी सम्झौता भएको मितिले १५ दिनभित्र नेपाली भाषामा अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(५)  प्रस्तावसम्बन्धी कागजातको बारेमा जानकारी लनि चाहेमा यस मन्त्रालयबाट प्राप्त गर्न सकिनेछ ।

(६)  परामर्शदाताले प्रस्तावित काम Sub-Contract मा दिन पाइने छैन ।

(७)  प्रस्तावदाताको प्रस्ताव स्वीकृत भै सम्झौता भएमा मन्त्रालयसँग उपलब्ध भएका आवश्यक सूचनाहरु परामर्शदातालाई उपलब्ध गराउन सकिने छ, तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचना भने दिन कर लाग्ने छैन। अध्ययनको लागि आवश्यक उपकरणहरू अध्ययनकर्ता आफैले व्यवस्था गर्नुपर्नेछ । मन्त्रालयमा कार्यशाला गराउन चाहेमा मन्त्रालयले हल उपलब्ध गराउन सक्नेछ। अन्य आवश्यक खर्चहरू परामर्शदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

(८) प्रस्ताव पेश गर्नु अघि सामान्यतया प्रस्तावदाताहरू सम्बन्धी बैठक हुने छैन ।

(९) प्रस्तावदाताले पेश गरेको प्रस्ताव, प्रस्ताव पेश गर्ने अन्तिम मितिबाट ६ महिनासम्मको लागि मान्य हुनेछ ।

(१०) प्रस्तावित खरिद कारवाही अन्तर्गत सृजना हुने कुनै मालसामान आपूर्ति, निर्माण कार्य, अन्य सेवा वा परामर्श सेवासम्बन्धी काम परामर्शदातृ फर्म वा निजसँग सम्बद्ध व्यक्ति संस्थालाई दिँदा प्रस्तावित परामर्श सेवासँगको स्वार्थ बाझिन सक्छ भन्ने सार्वजनिक निकायलाई लागेमा सो प्रस्तावदाता वा व्यक्तिलाई त्यस्तो काम नदिन सकिनेछ ।

(११) प्रस्तावदाता वा निजको जनशक्तिले नियमानुसार तिर्नुपर्ने कर बुझाउने दायित्व परामर्शदाता स्वयंको हुनेछ । अन्य कुराहरूमा द्विविधा भएमा यस मन्त्रालयको आर्थिक प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

(१२) प्रस्ताव पेश गर्दा नेपाली भाषामा गर्नु पर्नेछ ।

(१३) मन्त्रालयले प्रस्तावसम्बन्धी कागजात संशोधन गर्न चाहेमा सबै प्रस्तावदाता वा प्रस्ताव खरिद गर्ने संस्था अथवा सम्बन्धित व्यक्तिहरूलाई जानकारी दिई संशोधन गर्न सक्नेछ ।

(१४) प्रस्ताव पेश गर्ने विधिः-

आर्थिक र प्राविधिक प्रस्ताव पेश गर्दा प्राविधिक प्रस्तावलाई छुट्टै खाममा र आर्थिक प्रस्तावलाई छुट्टै खाममा सिलबन्दी गरी उक्त दुवै सिलबन्दी खामको बाहिर “प्राविधिक प्रस्ताव” र “आर्थिक प्रस्ताव” भनी स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ। उक्त दुबै (प्राविधक र आर्थिक) प्रस्तावलाई एउटै खामभित्र राखी पुनः सिलबन्दी गरी खामको बाहिर **“युवा तथा साना व्यवसायी स्वरोजगार कोषको प्रभाव अध्ययन गर्ने कार्यको आर्थिक र प्रावधिक प्रस्ताव”** भनी पेश गर्नुपर्नेछ ।

(१५) प्रस्ताव खोल्ने कार्यविधिः

उपस्थित भएका प्रस्तावदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा प्रस्तावको मूल खाम खोलिनेछ । प्रस्तावदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएको कारणले प्रस्ताव खोल्न बाधा पर्ने छैन । तत्पश्चात आर्थिक र प्राविधिक प्रस्तावहरू भएका खामहरू छुट्टयाई प्राविधिक प्रस्तावहरू मात्र मूल्याङ्कनको लागि खोलिनेछ । प्राविधिक प्रस्तावमा न्यूनतम ६० प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावदाताहरूको मात्र आर्थिक प्रस्ताव मूल्याङ्कनको लागि खोलिनेछ ।

(१६) गोपनियतासम्बन्धी शर्तः

मूल्याङ्कनको क्रममा कुनैपनि प्रस्तावदाताको विवरण, प्रस्ताव गरेको रकम आदिका बारेमा अनाधिकृत रूपमा सार्वजनिक गर्न पाइनेछैन । यस विषयमा आवश्यकता अनुसार मन्त्रालयले कुनै व्यहोराका बारे स्पष्ट पार्न चाहेमा पत्राचार गरी वा अन्य माध्यमबाट पुष्टयाई माग गर्न सक्नेछ ।

# ३. प्रस्ताव पेश गर्नेको निवेदन ढाँचा

मिति - २०७५।.....।......

श्री युवा तथा खेलकुद मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

<u>विषय - प्राविधिक/आर्थिक प्रस्ताव पेश गरेको बारे ।</u>

यस प्रस्ताव फाराममा उल्लेख भएका सम्पूर्ण शर्तहरुको अधीनमा रही मिति २०७५।०६।१३ को गोरखापत्रमा प्रकाशित प्रस्ताव आह्वानको सूचना अनुसारको विवरणहरु भरी पेश गरेको छु/छौं । यसमा उल्लेख भएका शर्तहरु म/हामीलाई मन्जुर छ । तसर्थ यस बमोजिमको प्रस्ताव फाराम नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयमा पेश गरेको छु/छौं ।

प्रस्ताव पेश गर्नेको विवरण :

प्रस्तावदाताको नाम:

ठेगाना :

टेलिफोन नं. : प्रस्तावदाताको संस्थाको छाप:

प्रस्तावदाताको दस्तखत :

प्रस्ताव सम्वन्धी कार्य गर्न अख्तियार प्राप्त प्रतिनिधिको

नाम :

दस्तखत :

मिति :

**नेपाल सरकार**

## युवा तथा खेलकुद मन्त्रालय

**सिंहदरबार, काठमाडौं**

**विषयः युवा तथा साना व्यवसायी स्वरोजगार कोष मार्फत लगानी भएको ऋण प्रभाव अध्ययन गर्ने तर्फको प्राविधिक प्रस्ताव।**

**संस्थाको नामः**

| क्र.सं. | प्राविधिक प्रस्ताव | प्रस्तावदाताले भर्नुपर्ने विवरण | पेश गर्नुपर्ने कागजात |
|---|---|---|---|
| १ | **कामको अनुभव (परामर्शदाता/ फर्मको)** | | सम्झौता, कार्यादेश र कार्य सम्पन्न विवरण |
| | ऋण लगानीको प्रभाव वा यस्तै प्रकृतिको क्षेत्रमा अध्ययन/ अनुसन्धान/ मूल्याङ्कन सम्बन्धी कामको अनुभव । | | |
| | सरकारी/सार्वजनिक क्षेत्रका अन्य विषयमा अध्ययन/अनुसन्धान/मूल्याङ्कन सम्बन्धी कार्य गरेको अनुभव । | | |
| | युवा विकासको क्षेत्रमा अध्ययन, अनुसन्धान, व्यवस्थापन, सशक्तीकरण सम्बन्धी विषयमा कार्य गरेको अनुभव। | | |
| २ | **मुख्य मुख्य जनशक्तिको शैक्षिक योग्यता र अनुभव** | | नियुक्तिपत्र, शैक्षिक योग्यताको प्रमाण पत्र र अनुभवको प्रमाणपत्रहरुको प्रतिलिपि |
| | **शैक्षिक योग्यता/कार्यानुभव** | | |
| | अनुसन्धान समूह प्रमुख | | |
| | अनुसन्धान विशेषज्ञ | | |
| | अनुसन्धान सहायक | | |
| | **जनशक्तिको अध्ययन/अनुसन्धान सम्बन्धी अनुभव** | | |
| | सम्भाव्यता अध्ययन/ अनुसन्धान/ मूल्याङ्कन सम्बन्धी कामको अनुभवी अनुसन्धान समूह प्रमुख । | | |
| | सार्वजनिक क्षेत्रका अन्य विषयमा अध्ययन/ अनुसन्धान सम्बन्धी काममा अनुभवी अनुसन्धान विशेषज्ञ | | |
| | अन्य सामान्य अध्ययन/अनुसन्धान सम्बन्धी काममा अनुभवी अनुसन्धान सहायक। | | |
| ३ | **कार्य सम्पादन गर्ने तरिका र कार्य क्षेत्रगत शर्त प्रतिको प्रभावग्राहीता** | | प्रमाणित हुने कागजातहरु संलग्न गर्नुपर्ने |
| | अध्ययन/अनुसन्धान /मूल्याङ्कन अवधारणागत कार्यढाँचा र प्रस्तावित कार्यतालिका । | | |
| | कार्य सम्पादन गर्ने तरिका/कार्यविधि | | |

| क्र.सं. | प्राविधिक प्रस्ताव | प्रस्तावदाताले भर्नुपर्ने विवरण | पेश गर्नुपर्ने कागजात |
|---|---|---|---|
| | एवं प्रस्तावित अध्ययन/ अनुसन्धानको Methodology. | | |
| | कार्य निर्देश शर्तहरू प्रतिको Understanding | | |
| ४ | **ज्ञान तथा प्रविधि हस्तान्तरण** | | |
| | कर्मचारीलाई तालिम (अध्ययन/ अनुसन्धान कार्यमा खटिने व्यक्तिका लागि) | | |
| | मन्त्रालयका पदाधिकारी तथा सम्बद्ध सरोकारवालाहरूलाई ज्ञान तथा प्रविधि हस्तान्तरण गर्ने प्रावधान भए/नभएको | | |

द्रष्टप्यः पेश गर्नुपर्ने कागजातहरुको महलमा उल्लिखित पुष्टयाई गर्ने प्रमाणित कागजात पेश गरिएको अवस्थामा मात्र अङ्क प्रदान गरिनेछ ।

प्रस्तावदाताको नामः

ठेगानाः

दस्तखतः

सम्पर्क नं.:

मितिः

प्रस्तावदाताको संस्थाको छापः

नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको प्रभाव अध्ययन गर्ने आर्थिक प्रस्ताव

| क्र.सं. | विवरण | एकाइ | समय/दिन | दर | रकम रु (अङ्कमा) | रकम रु (अक्षरमा) |
|---|---|---|---|---|---|---|
| **१** | **जनशक्ति** | | | | | |
| १.१ | टोली नेता | | | | | |
| १.२ | अनुसन्धान विशेषज्ञ | | | | | |
| १.३ | अनुसन्धान सहायक | | | | | |
| **२** | **भ्रमण खर्च** | | | | | |
| २.१ | टोली नेता | | | | | |
| २.२ | अनुसन्धान विशेषज्ञ | | | | | |
| २.३ | अनुसन्धान सहायक | | | | | |
| **३** | **तथ्याङ्क संकलन एवं विश्लेषण** | | | | | |
| ३.१ | सरोकारवाला(FGD) सँग अन्तरक्रिया | | | | | |
| **४** | **स्टेशनरी/विविध** | | | | | |
| ४.१ | स्टेशनरी | | | | | |
| ४.२ | संचार | | | | | |
| ४.३ | विविध | | | | | |
| | जम्मा | | | | | |
| | मु.अ.कर १३ प्रतिशत | | | | | |
| | कूल जम्मा | | | | | |

प्रस्तावदाताको दस्तखतः

प्रस्ताव पेश गर्ने संस्था/फर्मको नामः

प्रस्ताव पेश गर्ने संस्था /फर्मको ठेगानाः संस्था/फर्मको छाप

सम्पर्क नं.:

मितिः

## ४. प्रस्तावदाताले प्रस्ताव फाराममा पेश गरेको कागजातहरुको सूची

(क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २ (ङ) सँग सम्बन्धित घोषणा पत्र थान —— १ ।

(ख) हस्ताक्षर कर्तालाई आधिकारिक व्यक्ति तोकेको पत्र थान —— १।

(ग)

(घ)

(ङ)

(च)

(छ)

# ५. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २ (ङ) सँग सम्बन्धित घोषणा पत्र

१.प्रस्तावदाताको परिचयात्मक विवरण

क) नामः

ख) ठेगानाः

ग) फर्म, संस्थारकम्पनी दर्ता प्रमाण पत्र नं. .................. मितिः ............................

२. उपर्युक्त विवरण भएको म/मेरो फर्म, संस्था, कम्पनीको आधिकारिक प्रतिनिधिको हैसियतमा निम्न व्यहोरा घोषणा गर्दछु ।

क) प्रस्तावित खरिद कारवाहिमा भाग लिन रोक लागेको वा कालो सूचीमा परि अयोग्य भएको छैन ।

ख) प्रस्तावित खरिद कारवाहिमा कुनै किसिमबाट स्वार्थ बाझिने अवस्था विद्यमान छैन ।

ग) सार्वजनिक खरिद कारवाहिमा संलग्न हुन आवश्यक सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाय भएको छैन ।

नामः

हस्ताक्षरः

मितिः